मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ११ गते बुधवार (Wednesday, March 24. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

**सूचना**

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुस्कार संस्कृतिको विकास गरौं । घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# नाकामा कडाई, होलीमा भिड 'नगर्नु'

**पार्थ मण्डल**

**झापा, चैत १०।** नेपाल-भारतको सीमा नाकामा कडाइसँगै नजिकिँदै आएको फागू पूर्णिमा अर्थात् होली पर्व मनाउँदा भीडभाड नगर्न नगराउन जिल्ला प्रशासन कार्यालय झापाले आग्रह गरेका छन् ।

छिमेकी मुलुक भारतका केही राज्यमा कोरोना भाइरसको दोस्रो लहर देखिएसँगै झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको अध्यक्षतामा मङ्गलवार बसेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले विभिन्न बुँदामा निर्णय गर्दै यस्तो आग्रह गरेको हो ।

बैठकले आउँदो चैत १६ गते सोमबार स्वास्थ्य सुरक्षाको मापदण्डको पालना नगर्ने र मास्क नलगाउनेलाई संक्रमण रोग ऐन बमोजिम कारबाही गर्ने निर्णय गरेको छ । त्यसैगरी संक्रमणको सम्भावनालाई मध्यनजर गरी पहिले सञ्चालनमा आएका क्वारेन्टाइन, आइसोलेसन केन्द्रहरूलाई तयारी अवस्थामा राखी स्वास्थ्य केन्द्रबाट प्रवाह गर्ने सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक तयारी गर्न सबै स्थानीय तह तथा स्वास्थ्य कार्यालयलाई अनुरोध गर्ने, संक्रमण थप फैलन नदिन विद्युतीय



माध्यमबाट चेतनामूलक सन्देश प्रशारण गर्न र स्वास्थ्य परीक्षण गराई संक्रमणको अवस्था पहिचान गर्न अनुरोध गरिएको छ ।

मास्क, सेनिटाइजर, सामाजिक दूरी लगायत स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड कडाइका साथ पालना गर्न गराउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने, कोरोना प्रकोप छिमेकी राष्ट्र भारतमा थप सक्रिय भई सङ्क्रमितको दर बढ्दै गएको र खुला सीमाको कारण यस जिल्लामा समेत त्यसको प्रभाव पर्न सक्ने भएको हुँदा सीमा नाकामा यात्रुहरूको आवतजावतलाई व्यवस्थित बनाउन सुरक्षा निकायहरूले अनिवार्य अभिलेख राख्ने व्यवस्था गर्ने पनि बैठकले निर्णय गरेको छ । नेपाल प्रवेश गर्ने यात्रुहरूलाई स्वास्थ्य परीक्षण गराएर मात्र प्रवेश गर्न दिने व्यवस्था मिलाउने र संक्रमणको अवस्थामा समेत बिचार गरी रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा बेलुकी ९ बजेसम्म मात्र भीडभाड नहुने व्यवस्था मिलाई स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी त्यस्ता व्यवसाय सञ्चालन गर्ने बुँदामा निर्णय गरिएको झापाका प्रमुख जिल्ला अधिकारी तिमिल्सिनाले जानकारी दिए ।

गृह मन्त्रालयले प्रशासन कार्यालय झापामा सोमबार पठाएको पत्रमा कोरोना संक्रमण बढ्न नदिन आम नागरिकहरूलाई सजग र सतर्क रही स्वास्थ्य मापदण्ड पालना गर्न अनुरोध गर्ने तथा थप सावधानी अपनाउन निर्देशन आएकोले सोही बमोजिम बैठक बसी यस्तो निर्णय गरिएको उनले बताए ।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाही, नयाँ श्रीनाथ गण झापाका प्रमुख सेनानी अमर

(बाँकी अन्तिम पृष्ठमा)

## मरीच, केराउ, छोकडा र सुपारीको प्रतिवन्ध फुकुवा

**झापा, चैत १०।** सरकारले एक वर्षपछि मरीच, केराउ, छोकडा र सुपारीजस्ता वस्तुको आयातमा लगाएको प्रतिवन्ध फुकुवा गरेको छ ।

कोरोना भाइरस नियन्त्रण गर्न गरिएको बन्दाबन्दीको अवस्थामा सरकारले गत वर्षको चैत १६ गतेदेखि धेरै आयात हुने वस्तुको आयातमा प्रतिबन्ध लगाएको थियो । तर, नेपाल सरकारले चालू आर्थिक वर्ष (आव) २०७७/७८ मा ८० हजार मेट्रिक टन केराउ आयात गर्न दिने गरी धेरै आयात हुने बस्तुमा लगाइएको प्रतिवन्ध फुकुवा गरेको हो ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले राजपत्रमा एक सूचना जारी गर्दै चालू आवमा त्यस बराबरको केराउ आयात गर्न दिने बताएको हो । अब चालू आवमा उक्त परिमाण ननाघ्ने गरी केराउ आयात गर्न दिइने राजपत्रमा प्रकाशित सूचनामा उल्लेख छ ।

तर, सरकारले १ वर्षपछि त्यस्ता वस्तुमा लगाएको पूर्ण बन्देज हटाएर परिमाणात्मक बन्देज लगाउने निर्णय गरेको थियो । गत फागुन २५ गते सम्पन्न मन्त्रिपरिषद्को बैठकले यस्तो निर्णय गरेको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सिफारिसमा सरकारले यस्तो निर्णय गरेको थियो । त्यसपछि मन्त्रालयले सोमवार राजपत्रमा सूचना प्रकाशन गर्दै त्यस्ता वस्तुको आयातमा परिमाण तोकेको हो । सरकारले चालू आवमा सुपारी २५ हजार मेटन, छोकडा ५ हजार मेटन र नधुल्याएको मरीच १५ हजार मेटनसम्म आयात गर्न दिने व्यवस्था गरेको छ ।

सरकारले ५० हजार डलरभन्दा बढी मूल्यको

(बाँकी अन्तिम पृष्ठमा)

## चार्जमा राखेको मोबाइल चलाउँदा किशोरीको मृत्यु

**झापा, चैत १०।** मोवाइल चार्जमा लगाएर फिल्म हेर्दा मोबाइल पड्किँएर एक किशोरीको मृत्यु भएको छ ।

मोवाइल चार्जमा लगाएर फिल्म हेर्ने क्रममा मोबाइल पड्किँदा अछाममा एक किशोरीको मृत्यु भएको हो । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय दिपायलका सूचना अधिकारी तथा प्रहरी वरिष्ठ उपरीक्षक मुकेशकुमार सिंहका अनुसार जिल्लाको मंगलसेन नगरपालिका-१की १५ वर्षीया सपना नाथको मोबाइल पड्किएर मृत्यु भएको हो ।

मृतक नाथ स्थानीय कुन्ती माध्यमिक विद्यालय कक्षा ६मा अध्ययनरत् थिइन् । मोबाइल पड्किँदा गम्भीर घाइते भएकी नाथको जिल्ला अस्पताल अछाममा उपचारका क्रममा मंगलवार मृत्यु भएको प्रहरीले जनाएको छ ।

## यौन दुर्व्यवहार गर्ने पक्राउ

**झापा, चैत १०।** तेह्रथुममा १३ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा धनकुटा महालक्ष्मी नगरपालिका-१ बस्ने ३२ वर्षीय श्याम गुरुङ रहेको इलाका प्रहरी कार्यालय बसन्तपुरले जनाएको छ । उनलाई सोमबारसाँझ प्रहरीले पक्राउ गरेको हो । गुरुङले ती बालिकालाई आइतबार साँझ यौन दुर्व्यवहार गरेको बालिकाको बयानलाई उद्धृत गर्दै प्रहरीले जनाएको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

यसैबीच मोरङमा ६० वर्षीया वृद्धामाथि करणीको प्रयास भएको छ । विराटनगर-६ निवासी ६० वर्षीया बृद्धामाथि

(बाँकी अन्तिम पृष्ठमा)

## मापसे गरी बस चलाउने चालकबिरूद्ध मुद्दा

**झापा, चैत १०।** पछिल्लो समयमा झापामा सवारी दुर्घटनाका घटना अत्यधिक बढेको छ ।

दुर्घटनामा परी ज्यान गुमाउने र घाइतेहरूको संख्या दिनहुँ बढेसँगै जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले सवारीसाधनमाथि निगरानी बढाएको छ ।

ट्राफिक प्रहरीले सडकमा निगरानी बढाएसँगै मादक पदार्थ सेवन गरी सवारी चलाउने चालकमाथि मुद्दा दर्ता गर्न थालिएको हो । मापसे गरी सवारी चलाउने एक जना बस चालकमाथि मुद्दा चलाएको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

पूर्व-पश्चिम राजमार्ग अन्तरगत शिवसताक्षी नगरपालिका-८, झिलझिलेमा सवारीसाधन चेकजाँचको क्रममा मे १ ख २६२९ नम्बरको यात्रुवाहक बस चालक मोरङ उर्लाबारी नगरपालिका बस्ने ४५ वर्षीय मोहनलाल राईमाथि मुद्दा चलाइएको हो । प्रहरीले चालक राईमाथि अभद्र व्यवहार सम्बन्धी मुद्दा चलाएको हो ।

इलाका प्रहरी कार्यालय अस्थायी ट्राफिक प्रहरी पोस्ट झिलझिलेले सवारीसाधन चेक जाँचको क्रममा मे१ख २६२९ नम्बरको

(बाँकी अन्तिम पृष्ठमा)

LITTLE FLOWERS' ENGLISH SCHOOL

Birtamod-4,Jhapa

*Celebrating its Glorious 40th year*

**VACANCY ANNOUNCEMENT**

LFES, one of the leading and eminent schools in Jhapa, is seeking highly motivated and dynamic candidates who are willing to learn and grow as professional for the following posts:

| Sl.No | Level | Subject | Qualification | Salary |
|---|---|---|---|---|
| 1 | Secondary | Maths | B.Sc | Negotiable |
| 2 | Primary | Maths & Nepali | Bachelor's Degree | |

*Candidates must have two years' experience. (Fresh candidates are also welcome to apply).*

Interested candidates may send the application with CV, copies of credentials and photocopy of citizenship certificate, addressed to the Principal, Little Flowers' English School, Birtamode-4 or submit directly to the school office latest by **14th of Chaitra, 2077** BS.

*Ph No: 023- 540172, 540767* *(Only short listed candidates will be called for the interview).*

**कर्मचारी आवश्यकता**

यस कम्पनीलाई निम्न अनुसारका कर्मचारी आवश्यक परेकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

पदः कम्प्युटर अपरेटरः १०-२० जना

योग्यताः कम्प्युटर चलाउन दक्ष, अंग्रेजी, बोल्न र लेख्न सक्ने

तलबः १८,०००देखि २०,०००सम्म

सम्पर्कः हान हाई इन्टरनेशनल ट्रेड कम्पनी लि., बिर्तामोड, भद्रपुररोड उर्वसी चौक

मो. ९७४२५४७५२५, ९८१७०९८६०८८

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**









# साइँलाको सातो गयो होला...

विमल दहाल



**इलाम, चैत १०।** साइँलो पहिला फटट बोल्थ्यो, बाँधेर राखे भन्छ, लागोनै लागेको हो कि काम्दै, हात खुट्टा कमाउँदै मात्र केही बोल्छ- यो भनाइ हो ४१ वर्षदेखि भारतीय जेलमा रहेका दुर्गाप्रसाद तिम्सिना ( दीपक जैसी)की ८५ बर्षीया आमा धनमायाको ।

मंगलबार दिउँसो १ बजे माई-१० लुम्बाकस्थित घरको आँगनमा दीपक केही गुनगुनाउँदै एक्लै बसेका थिए । नमस्कार दाजु भन्दै हामी पुग्दा नमस्कार भनी उनले जवाफ फर्काए । शिथिल शरीर, ओठ कमाउँदै बसेका दीपकलाई के हुन्छ भनेर सोध्दा थाह छैन भन्ने संक्षिप्त उत्तर दिए । केही बेरमा भाइ धर्मानन्द आइपुगे र दाजुले एक्लै रहँदा गीत गाउने गरेको सुनाए । दाजु दुर्गाले एक्लै भएको बेला गीत गुनगुनाउँदै 'छोरा आउँछ भनेर आमा ढुक्कले बसेको, छोरा चाहिँ इण्डियाको जेलमा दुःखले बसेको' भन्दै गुनगुनाएको बताए ।

परिबारका सदस्यले उनलाई परिबारमा घुलमिल गराउन बारम्बार बोलाइरहेका छन् । भतिज गोपाल तिम्सिना भन्छन्- मैले केही समय गाउँ-घुमाएर ल्याएँ । ठूलो बुवाले कतैबाट क्षतिपूर्ति वा सहयोग आयो भने उपचार गरिदिनु भन्नुहुन्छ । मानसिक र शारीरिक रुपमा पीडित देखिएका दीपकलाई परिबारका सदस्यहरु देखाएर को-को हो भनी सोध्दा, चिन्दिनँ भने पनि बिस्तारै भतिजालाई देखाउँदै छोरो, भाइ भन्दै देखाउने प्रयास गर्दछन् ।

आमा धनमायाको हात सिँधुरे गाईले हानेर चुँडाएको याद छ । आमाको हातमा गाईले चोट लगाउँदा जडीबुटी खत्रीले गरिदिएको समेत दीपकले सम्झना सुनाए । धेरै कुराको याद नआए पनि आमाको हात चुँडाएको समयको चाहिँ उनलाई सम्झना रहेछ । आमा धनमायाको हात २०३६ सालमा एकतप्पामा गाईले हानेर चुँडाएको थियो । अहिले दीपकलाई पखाला लागेको छ । कोलकातामा जेलरले खाँदै गरेको औषधि दिन्छु भनेका थिए तर आउने बेलामा छुटेछ- भतिज गोपाल बताउँछन् ।

आमा धनमायाको श्रवण क्षमता कमजोर छ । छोरा दीपक धेरै बोल्न सक्दैनन् । ४१ बर्षमा भेट भए पनि आमाछोराले दोहोरो कुराकानी गर्न सकेका छैनन् । परिबारमा जन्मिएका ५ छोरा र ३ दिदीबहिनीमध्ये बुवासहित ३ दाजुभाइको यसअघि नै देहान्त भइसक्यो । अहिले कान्छो भाइ धर्मानन्दले आमाको स्याहारसुसार गर्दैछन् । दिदीहरुको बिवाह भइसक्यो । एउटी बहिनी छिन् तर उनी २०५० सालदेखि मानसिक रोगी भई जंगलको बास मात्र गर्दछिन्- आमा धनमाया सुनाइन् । ५५ बर्षीया पवीमायाले यत्रो बर्ष कहाँ गएको थिइस् भन्दै एक प्याकेट बिस्कुट ल्याएर दिइन् र घरबाट बाहिर गइन् । उनी मानसिक रोगले ग्रस्त छिन् । तिम्सिना परिबारमा अहिले झनै समस्या बढ्दै गएको छ ।

परिबारको १९ बर्षीय भतिजा गोपालले अहिले सबै परिबारको व्यवस्थापन गर्दै आएका छन् । उनको आफ्नै पीडा छ । एक बर्षमा आमाको माया गुमाएका गोपाल अहिले आर्थिक अभाव र परिवारको दयनीय अबस्थाले पढाइ छोडेर परिबार पालनपोषणमा लागेका छन् ।

दीपक प्रायः सबैको सम्झनाबाट हट्दै गएको भए पनि आमा धनमाया भने दशधारा दूध खुवाएर हुर्काएको छोरालाई सम्झदै आँशु बगाउने गरेको दीपकका भाइ धर्मानन्दले सुनाए । दाजु घरमा आएकोमा आमा सारै खुशी हुनुहुन्छ तर गरी खाने मान्छेलाई किन बाँधेछन्, घर आउँदा पनि सिदा नदिई पठाएछन्- आमा धनमाया सुनाउँछिन् ।

२०३७ सालमा मंगलबारे बजारबाट बेपत्ता भएका १९ बर्षीय दुर्गाप्रसाद माई नगरपालिकामा आमा बसेको घरमा आइपुग्दा बिगतमा चिन्ने र देख्ने परिबारका सदस्य बाहेक कमै थिए । 'जान चाहिँ ऊ नजिकैको मंगलबारे बजार गएको थियो, तोरी बेच्नलाई । त्यो दिन ऊ दिदीको घरमा बास बसेको थियो । त्यसपछि घर जाने भनेर हिँडेको थियो तर कहिल्यै फर्किएन, सबै आफन्त र चिनेजानेका सबैलाई खबर गरेका हौं ।

४१ वर्ष भारतको कोलकातास्थित दमदम जेलमा बिना सुनुवाइ बिताएका तिम्सिना काँकरभिट्टा हुँदै घर भित्रिएपछि घरपरिवार र गाउँघरमा खुशियाली छाएको छ । बुवा चम्पाखर र माइलो दाइ केदारको यसअघि नै देहान्त भइसकेको छ । आमाको ४१ बर्षपछि भएको साइँलो छोराको आगमनले खुशीको सीमा छैन । घरमा धनमाया, उनको छोरो कान्छो र छोरी दीपकलाई माया साटासाट गर्दैछन् ।

कोलकाता उच्च अदालतका न्यायाधीशद्वय ठोटविल बी राधाकृष्ण र अनिरुद्र रोयको आदेशमा काकाका छोरा प्रकाशचन्द्र तिम्सिनाको रोहवरमा शनिबार उनलाई दमदम कारागारले रिहा गरिदिएको थियो । २०३७ सालमा दुर्गाप्रसाद रोजगारीको खोजीमा भारतको दार्जीलिङ पुगेका थिए । दार्जीलिङमा उसबेला गोर्खाल्याण्ड प्राप्तिका लागि हिंसात्मक आन्दोलन चलिरहेको अवस्था थियो । खोज्न जाने परिस्थिति थिएन र उताबाट पनि दुर्गाप्रसादको कुनै खबर आएन ।

दमदम कारागारमा सँगै बसेका पश्चिम बङ्गालकै मेदनीपुर जिल्लाका राधेश्याम दास नामक कैदीले दुर्गाप्रसादको अवस्था र पहिचानबारे पहिलोपल्ट जेल बाहिर खबर ल्याएका थिए । दासले बङ्गाल रेडियो क्लबमा नेपालका दुर्गाप्रसाद नामका कैदी चार दशकदेखि बिना सुनुवाइ बसिरहेको खबर पुऱ्याएपछि मिडियामा समाचार छापिन थालेका हुन् । उनलाई अहिले जेल बाहिर ल्याउन रेडियो क्लबको भूमिका महत्वपूर्ण रहेको छ ।

दार्जीलिङमा जुन घरमा दुर्गाप्रसाद आश्रय लिएर बसेका थिए, त्यही घरकी पत्नीको चियाबारीमा विभत्स हत्या भएपछि त्यसको दोष उनीमाथि थोपरिएको थियो । तर, उनमाथि लगाइएको आरोप झुठो भएको बताइएको छ । प्रहरीमा झुठो आरोप दर्ता भएपछि कथित पीडितकातर्फबाट एकपल्ट पनि मुद्दा फलोअप नभएको र बिना सुनुवाइ सजाय सुनाउँदै दुर्गाप्रसादलाई कारागार सार्दै दमदममा पुऱ्याएको पाइएको छ ।

हराएका मानिसको खोजीमा सघाउने संस्था विश्व सेवा विस्तारका प्रतिनिधि इन्द्र बस्नेतले बङ्गाल रेडियो क्लबसँगको सम्पर्कपछि इलाममा दुर्गाप्रसादका भाइ प्रकाशचन्द्रसँग सम्पर्क गरेका थिए ।



**पानीमा मौलाउने तरकारीः** मोरङको कानेपोखरी-पथरी खण्डमा सिमसाग बेच्न बसेका स्थानीय महिलाहरु । मोरङको पथरी शनिश्चरेका महिलाहरुको मुख्य आम्दानीको श्रोत सिमसाग बनेको छ । मोरङ्गी खोलामा ६० भन्दा बढी घरपरिवारका महिलाहरुले सिमसाग खेती गर्दै आएका छन् । **तस्वीर : विनोद पाण्डे/पूर्वाञ्चल**

# झापामा एक हजारभन्दा बढी क्षयरोगी

**झापा, चैत १०।** आज विश्व क्षयरोग दिवस । झापामा नयाँ तथा पुराना गरी एक हजारभन्दा बढी क्षयरोगी रहेका छन् ।

सरकारले क्षयरोग निवारणका लागि विभिन्न खाले कार्यक्रम सञ्चालन गरेपनि अझै झापामा एक हजार दुई सय क्षयरोगी रहेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ । स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाँईका अनुसार औषधिले काम नगर्ने 'ड्रग रेपिस्टेन' दुई सय ५० भन्दा बढी रहेका छन् । उनीहरुलाई मेचीनगरको धुलाबारी, मेची प्रादेशिक अस्पताल भद्रपुर र मोरङको मंगलवारेमा रहेको अस्पतालमा उपचार हुने गरेको छ ।

रोग नियन्त्रणका लागि विभिन्न खाले कार्यक्रम सञ्चालन गरिएपनि जनसंख्याका आधारमा झापाको बिर्तामोड, मेचीनगर र दमकमा क्षयरोगीको संख्या धेरै रहेको चम्लागाँईको भनाइ छ ।

केही वर्ष अघिसम्म सीमावर्ती झापाको शहरी क्षेत्रमा क्षयरोगको उच्च जोखिम रहेको थियो । प्रदेश १का जिल्लामध्ये झापामा ६० प्रतिशत बिरामी सम्पर्कमा आए पनि ४० प्रतिशत अझै बाहिर रहेका छन् । आर्थिक वर्षमा २०७३/०७४ मा क्षयरोगबाट नौ जना पुरुषको मृत्यु भइसकेको छ । यस्तै, ०७२/०७३ मा पाँच महिला र १७ पुरुष गरी २२ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय झापाको तथ्याङ्कामा उल्लेख छ ।

यसैबीच सरकारले आगामी आर्थिक वर्षदेखि क्षयरोगमुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्ने भएको छ । राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले क्षयरोगका कार्यक्रमको सूक्ष्म योजना तर्जुमा गरी क्षयरोगमुक्त स्थानीय तह घोषणा कार्यक्रम सञ्चालन गर्न थालेको हो ।

केन्द्रका निर्देशक डा. अनुज भट्टचनले क्षयरोगलाई नियन्त्रण र निर्मूलीकरण गरी सबै स्थानीय तह क्षयरोगमुक्त गरिने बताए । यसका लागि सरकारले सूक्ष्म ढङ्गले कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ । स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. दीपेन्द्ररमण सिंहले सरकारले सञ्चालन गरेको 'समृद्ध नेपाल र सुखी नेपाली अभियान' अन्तर्गत पहिलो प्राथमिकता स्वास्थ्य क्षेत्र बनाउनुपर्ने बताए ।

केन्द्रका निर्देशक डा. भट्टचनले गत आव २०७६/७७ मा एक लाख ५५ हजार ३७१ मा परीक्षण गर्दा २७ हजार ७४५ क्षयरोगका बिरामी भेटिएकाले उपचार गरिएको जानकारी दिए । केन्द्रका अनुसार क्षयरोग पत्ता लगाएका अझै ४१ हजार नयाँ बिरामी उपचारदेखि बाहिर रहेका छन् । ती बिरामीलाई पत्ता लगाई उपचारमा ल्याउन चुनौति रहेको छ- उनले भने ।

प्रत्येक वर्ष मुलुकमा ६९ हजार नयाँ क्षयरोगी थपिने गरेका छन् । प्रति एक लाखमा ९३ क्षयरोगका बिरामी र अहिले एक लाख १७ हजार क्षयरोगका बिरामी रहको छन् । क्षयरोग प्रिभ्यालेन्स सर्वेक्षण अनुसार हाल नेपालमा निजी स्वास्थ्य संस्थामा क्षयरोगको निदान नौ प्रतिशत र उपचार गराउने १५ प्रतिशत रहेको अनुमान गरिएको छ । अहिले चार हजार ९५५ उपचार केन्द्रबाट डट्स उपचार सेवा, ७६५ प्रयोगशाला र ७२ जिनएक्सर्ट केन्द्र एवं दुई वटा राष्ट्रिय प्रेषण प्रयोगशालाबाट क्षयरोगको रोग निदान सेवा प्रदान गरिँदै आइरहेको छ ।


यसैगरी प्रतिरोधी औषधिबाट उपचार गर्ने २२ उपचार केन्द्र, ८१ उपचार उपकेन्द्र, छ डिआर होस्टेल, एक वटा डिआर होम रहेको विश्व क्षयरोग दिवसको अवसरमा आज मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो।


## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA

पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३० ।

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)





## मरीच ...

सवारीसाधनमा लगाएको बन्देज पनि हटाएको छ । यस्तै, २०७६ चैत १६ गते अगाडि नै चलान (सिपिङ) भइसकेका तर खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको स्वीकृति नलिएका छोकडाको हकमा सम्बद्ध भन्सार कार्यालयले गुणस्तर प्रमाणीकरण गरेपछि मात्र आयात गर्न दिइने बताइएको छ ।

विशेषगरी कोरोना संकटमा विदेशिने मुद्रामा कमी ल्याउन यस्तो निर्णय गरिएको थियो । अहिले परिस्थिति सामान्य हुँदै गएपछि सरकारले विभिन्न वस्तुको आयातमा लगाएको प्रतिबन्ध फुकुवा गर्दै गएको छ । सरकारले यी वस्तुको आयातमा प्रतिबन्ध लगाउँदा यही वस्तुकै आयात तथा व्यापार गर्दै आएका उद्योगी तथा व्यापारी भने प्रभावित भएका थिए । विशेषगरी यसबाट केराउको कारोबार गर्ने उद्योग बढी प्रभावित भएका थिए । सरकारले गरेको यस निर्णयलाई व्यापारीहरूले स्वागत गरेका छन् ।

**२ अर्ब ७९ करोड रुपैयाँको प्याज आयात**

चालू आर्थिक वर्षको साउनदेखि फागुन महिनासम्मको आठ महिनामा २ अर्ब ७९ करोड रुपैयाँको आयात भएको छ । भान्छामा अत्यधिक उपभोग हुने प्याज ७१ हजार ३ सय ४० टन नेपाल भित्रिएको हो । यही अवधिमा विदेशबाटै १ अर्ब १२ करोडको १० हजार ३ सय ११ टन लसुन भित्रिएको छ । आलु मात्रै यो अवधिमा ६ अर्ब ४५ करोड रुपैयाँको २ लाख ५१ हजार ९ सय ३४ टन आयात भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांकमा उल्लेख छ ।

सामान्य कृषि उपज समेत भारतसहित तेस्रो मुलुकबाट आयात हुँदा नेपाली भान्छा आयातमा निर्भर बन्दै गएको देखिएको छ ।

## नाकामा ...

जङ्ग थापा, सशस्त्र प्रहरी बल, २ नम्बर गण हेडक्वार्टर झापाका एसपी रमेशकुमार पाण्डे, जिल्ला अनुसन्धान कार्यालय झापाका उप अनुसन्धान निर्देशक तिलक शर्मा प्रसाइँ, प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापा, जिल्ला समन्वय समिति झापाका अधिकृत रुद्रप्रसाद न्यौपाने, मेची अस्पतालका मेसु डा. पीताम्बर ठाकुर, जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख ईश्वरीप्रसाद पौडेल र नेपाल रेडक्रस सोसाइटी झापा शाखाका अधिकृत हरिशरण खड्काको उपस्थिति रहेको थियो ।

पछिल्लो समयमा भारतको महाराष्ट्र, तामिलनाडु, पञ्जाब, मध्य प्रदेश, दिल्ली, गुजरात, कर्नाटक र हरियाणा राज्यमा कोरोना भाइरसको दोस्रो लहर देखिएको छ । ती आठ राज्यमा दैनिक ४० हजारभन्दा बढी कोरोनाका संक्रमित थपिँदै छन् । ती राज्यमा कोरोनाको दोस्रो लहर देखिएपछि सीमा नाकामा कडाइसँगै रोजगारीमा भारत गएका नेपालीहरू पनि अहिले धमाधम स्वदेश फर्किन थालिसकेका छन् ।

## मापसे ...

यात्रुवाहक बसलाई रोकेर ब्रेथलाइजरको माध्यमबाट चेकजाँच गर्दा चालकले मदिरा सेवन गरेको प्रमाणित भएको थियो ।

उनलाई झापा जिल्ला अदालतबाट पाँच दिनको म्याद थपेर अनुसन्धानको प्रक्रिया अघि बढाइसकेको प्रहरीले जनाएको छ । दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि यसअघि पनि ट्राफिक प्रहरीले मापसे गरी सवारीसाधन चलाउने चालकमाथि मुद्दा चलाउँदै आएको थियो ।

## यौन ...

जबरजस्ती करणी प्रयास गरेको आरोपमा प्रहरीले २४ वर्षीय पाण्डव पासवानलाई पक्राउ गरेको छ ।

मोरङ प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक मानबहादुर राईका अनुसार घटना आइतबार अपरान्ह घटेको थियो । अपाङ्गता भएकी ती महिला घरमै रहेका बेला आएका पासवानले जबरजस्ती करणीको प्रयास गरिरहेको अवस्थामा आफन्तले देखेका थिए । युवा लागूऔषध सेवनकर्ता भएको आशंका प्रहरीले गरेको छ ।


## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

**लेखापाल : १ जना**
**योग्यता : +२ पास (अनुभवी)**

सेक्टरवान सेक्यूरिटी सर्भिस
बिर्तामोड, झापा
फोन सम्पर्क :
(९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| टिकालाल राजवंशी | डाँगीबारी-७ | १०२४ | ०-९-० | काशिलाल |
| रांगो राजवंशी | डाँगीबारी-७ | १७० | ०-२-० | राम व. खवास |
| रांगो राजवंशी | डाँगीबारी-४ | ५३८ | ०-१-१० | अनन्त राजवंशी |
| दुलाली राजवंशी | डाँगीबारी-७ | ६३४ | ०-१-१० | काशीलाल |
| | | १०२३ | ०-१-० | काशीलाल |
| नरपति चम्लागाई | पाराखोपी-१ | ७७० | ०-४-० | उजरा दनवार |
| मानबहादुर माझी | शिवगञ्ज-७ | ८० | ०-१०-० | पूर्णबहादुर माझी |
| | शिवगञ्ज-७ | ८१ | ०-८-० | पूर्णबहादुर माझी |
| | शिवगञ्ज-७ | २४२ | ०-२-० | पूर्णबहादुर माझी |
| टेकबहादुर माझी | शिवगञ्ज-७ | ३०६६ | १-१२-० | वलवीर माझी |
| मानबहादुर माझी | शिवगञ्ज-९ | २४४ | ०-१-० | वलवीर कुशहर माझी |
| भरदास सिं राजवंशी | शिवगञ्ज-९ | २४५ | ०-१५-० | वलवीर कुशहर माझी |
| भरदास सिं राजवंशी | कोरोबारी-५ख | ३२३ | ०-७-० | रेशमलाल राजवंशी/एरेञ्ची रा.व. |
| | कोरोबारी-५ख | २९३ | ०-२-१६ | एरेञ्ची रा.व./दिपलाल राजवंशी |
| | कोरोबारी-५ख | १३०९ | ०-७-० | एरेञ्ची रा.व./दिपलाल राजवंशी |

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## वितरक चाहियो

लक्ष्मीपुर-पञ्चकन्या हुँदै बिर्तामोड प्रोभिडेन्स कलेजबाट अन्धुवा पुल हुँदै महेन्द्र शोरुमसँग, कृषिथोक हुँदै शनिश्चरे लाइन, पाथीभरा टोल-३ नम्बरसम्मका लागि वितरकको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

नोटः साइकल भएको १ जना, पाँच हजार सेलरी ।

सम्पर्कः ९८१६६४१५७३, ९८०१४०४०००

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७७९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

## कर्मचारी आवश्यकता

यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड, शनिश्चरे एरियामा विहान पत्रिका वितरण गर्न केही कर्मचारी आवश्यक भएकोले आफ्नै साइकल भएका स्थानीयले तु-सम्पर्क गर्नुहोला ।

१) तलबः आपसी समझदारीमा
२) समयः विहान ५-७:३० बजेसम्म

सम्पर्कः ९८१६९८१०१७, ९८४२६९६११२


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# क्षयरोगविरुद्ध सचेतना

प्रत्येक वर्षको मार्च २४ का दिन अन्तर्राष्ट्रिय क्षयरोग दिवस मनाइन्छ । यही दिन सन् १८८२ डाक्टर रबर्ट काचले क्षयरोगको कारक ब्याक्टेरिया पत्ता लगाएका थिए । वर्षेनि हजारौंको ज्यान लिइरहेको क्षयरोगको कारकतत्वको पहिचान गरी औषधि खोज गर्ने बाटो सहज बनाइदिएको भन्दै मार्च २४ का दिन क्षयरोग दिवस मनाउन थालिएको हो । उपचार सहज र सरल भइसकेर पनि निर्मूल भइ नसकेको क्षयरोगका कारण आज कूल जनसंख्याको एक तिहाइ संक्रमणको जोखिममा छन् । अझ नेपाल जस्तो विकासशील देशमा यसको जोखिम झनै उच्च छ । राष्ट्रिय क्षयरोग केन्द्रका अनुसार नेपालमा प्रति वर्ष चवालीस हजार क्षयरोगी थपिने गरेका छन् । ती मध्ये पाँचदेखि सात हजार जनासम्मले त ज्यानै गुमाउनु परिरहेको छ ।

अन्तर्राष्ट्रिय क्षयरोग दिवस २०२१ को नारा 'समय बितिरहेको छ' भन्ने कायम गरिएको छ । कोरोना भाइरसको सन्त्रास कायमै रहेका बेला शताब्दीयौंदेखि आक्रान्त पारिरहेको क्षयरोगका विरुद्ध नेपालमा प्रत्यक्ष निगरानी पद्दति (डट्स)मा आधारित उपचार सेवा सेवाकेन्द्रहरु मार्फत प्रवाह गरिँदैछ । यसै वर्षदेखि सेवा विस्तार गरी सबै जिल्लाहरुबाट क्षयरोगविरुद्धको प्रत्यक्ष निगरानीमा नियमित ओषधि सेवन गराइ रोगमुक्त गराउने सरकारको लक्ष्य छ । कुनै दिन असाध्य भनिएको क्षयरोग अहिले साध्य मात्र होइन सरल र सहज भइसकेको छ । नि:शुल्क औषधि गर्न पाइने क्षयरोगविरुद्ध जनचेतना र जागरण ल्याउन सकिए सरकारको सन् २०३५ सम्ममा निर्मूल पार्ने लक्ष्य प्राप्त गर्न गाह्रो छैन । त्यसका लागि आफ्नो स्वास्थ्यप्रति सचेत र सजग हुँदै कुनै प्रकारका लक्षण भएको पाइए नजिकैको स्वास्थ्य केन्द्रमा सम्पर्क राखे मात्रै सल्लाह, औषधि र उपचार सहजै प्राप्त गर्न सकिन्छ ।

नेपालमा भेटिएका क्षयरोगीमध्ये ७५ प्रतिशतभन्दा बढी फोक्सोमा संक्रमण भएका छन् । त्यसबाहेक पाठेघर, कलेजो, मृगौला, हड्डी, पेट र मष्तिष्कमा क्षयरोगको संक्रमण भेटिएका रोगीहरु छन् । तौल घटेमा, तीन हप्तादेखि लगातार खोकी लागीरहेमा, खकारमा रगत देखिएमा, सास फेर्न गाह्रो भएमा, थकान बढी महशुस भएमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरे सबै सेवा प्राप्त गर्न सकिने भएकाले यो रोगसँग डराउनुपर्ने अवस्था आज छैन । तर, त्यसअघि नै सचेत हुनु आफ्नो स्वास्थ्य रक्षाको सर्वोच्च उपाय हो । 'रोग लागेर निको हुनुभन्दा लाग्नै नदिनु बुद्धिमानी हो- यो भनाइ हामीकहाँ प्रचलित नै छ । त्यसैले पनि क्षयरोग लगायतका कुनै पनि रोगलाई निम्तो दिनुपर्ने अवस्थाबाट सचेत रही खानपान, हिंडडुल र जीवन पद्धतिप्रति सजग रहन यस्ता दिनले सबैलाई प्रेरित गर्नुपर्छ ।

# सकसमा दलका नेता



चिन्तामणि दाहाल

**पृष्ठभूमि :**

वर्तमान राजनीतिक अवस्था अन्योलग्रस्त हुनुमा धेरथोर सबै दलका नेता जिम्मेवार छन् भनी तटस्थ भाषा बोलेर महान बन्न पंक्तिकारलाई रहर छैन । अहिलेको अवस्थाको सम्पूर्ण जिम्मेवारी तत्कालीन नेकपाका शीर्ष नेता र तिनका किचन क्याबिनेटका भित्रियाले लिनुपर्छ ।

शीर्ष नेताहरुमा केपी ओली, पुष्पकमल दाहाल प्रचण्ड, झलनाथ खनाल, माधब नेपाल, बामदेव गौतम, रामबहादुर थापा, ईश्वर पोखरेल, विष्णु पौडेल र प्रदिप ज्ञवाली रहेका छन् । यिनीहरुकै नितान्त व्यक्तिगत स्वार्थ र महत्वाकांक्षाले अहिलेको अन्योलग्रस्त राजनीति देखा परेको हो । यसमा केही भित्रियाहरुले उचाल्ने र उकास्ने काम नगरेका होइनन् । तर, तिनीहरु नेताका इच्छा बुझेर बोल्ने बानी परेका हुनाले सहायक पात्र मात्र हुन् । मूल जिम्मेवार यिनै नेता हुन् ।

नेकपाबाट एमाले र माओवादी केन्द्र बनेपछि झन् बढी अन्योलता छाएको छ राजनीतिमा । प्रचण्ड र नेपालले संसदीय दलको विश्वास गरेनन् भने ओलीले सचिवालयको निर्णय मानेनन् । कारण प्रचण्ड नेपाल पक्षमा ओलीका भन्दा कम सांसद थिए भने सचिवालयमा ओली अल्पमतमा थिए । पार्टी हेर्नुभन्दा स्वार्थ हाबी हुँदा सबै गडबड भयो । यो भयो नेकपाको अवस्था ।

अब कांग्रेसलाई हेरौं । प्रमुख प्रतिपक्षी भएर पनि कांग्रेसमा तीनवटा समूहको स्वार्थले सशक्त प्रतिपक्षी हुन सकेन । सभापति शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाको गरी तिनवटा समूहका कारण कांग्रेसमा कुनै पनि मुद्दामा एकमत भएन । प्रतिनिधि सभा पुनर्स्थापना लगत्तै सरकार गठनको नेतृत्व गर्ने अवसर आएका बेला कांग्रेसमा एकमत नहुँदा समय घर्कियो ।

अब परिस्थिति बदलियो । नेकपालाई सर्वोच्चले भत्काई दियो । एमालेको दुई धार अलग्गिने अपजस अर्कोले लियोस भनेर पर्खन थालेपछि ओलीलाई विस्थापित गरेर नयाँ सरकार बनाउने अवस्था धकेलिँदै गएको छ । ओलीको चतुर कुटनीतिक खेलमा सरकारको चाबी बोकेको जनता समाजवादी पार्टी जसपाका नेता ओलीलाई समर्थन गर्ने र नगर्ने पक्षमा विभक्त हुँदा पार्टी नै फुट्ने संघारमा पुगेको छ ।



**अब के हुन्छ :**

नेता बामदेब गौतम र प्रचण्ड नेपाल पक्षका केही नेताका कुरालाई हेर्ने हो भने एमाले फुट्न खोजे पनि फुट्न सकिरहेको छैन । एमाले फुटेन र पार्टीभित्रै ओली प्रवृत्तिविरुद्ध लड्ने गौतमको इच्छा फलिभुत भयो र जसपा फुट्यो भने ओली नै प्रधानमन्त्री रहिरहन सक्छन् । नेपाल-खनाल हेरेका हेरै हुनेछन् ।

त्यसो भएन, जसपा पनि फुटेन र उसले कांग्रेसलाई समर्थन गऱ्यो अनि त्यसमा प्रचण्ड पक्षले साथ दिएमा ओली सरकार गिर्छ । जसपा फुटेन र उसले प्रधानमन्त्री पायो र त्यसमा महन्थ ठाकुर प्रधानमन्त्री हुने भए भने जसपाका ओली विरोधी नेता पनि चुप लाग्नुपर्ने अवस्था आउँछ र ओलीको समर्थनमा ठाकुर प्रधानमन्त्री भएर सरकार गठन हुन सक्छ ।

यसो भएन भने जसपाकै आयातित नेता डा.बाबुराम भट्टराई जसपाका तर्फबाट प्रधानमन्त्रीका साझा उम्मेद्वार हुन सक्छन् । यस अवस्थामा कांग्रेस र माओवादीको समर्थन भयो भने भट्टराईले ओलीलाई विस्थापन गर्न सक्छन् ।

यसबाट सबैको इच्छा पूरा हुन्छ । कमसेकम ओलीलाई हटाउन सकियो भने त्यो नै अहिलेको सफलता मानेर नयाँ सरकार गठन हुन सक्छ । उसले नै नयाँ चुनाव गराउनेछ ।

अहिले कांग्रेसले सत्ताको नेतृत्व गर्न परिस्थिति पाकिसकेको छैन । जसपा एकमत भएर देउवाको समर्थनमा आयो र माओवादी केन्द्रले पनि समर्थन गरेको अवस्थामा देउवाले ओलीविरुद्ध अविश्वास प्रस्ताव पेश गर्छन् र प्रधानमन्त्री हुन्छन् । अहिले यो अवस्था आइसकेको छैन । आँप पाकेपछि मात्र कांग्रेस खान तयार छ । त्यसैले सभापति देउवा प्रधानमन्त्री हुन हतारिएका छैनन् । पौडेल समूह जसरी भएपनि ओलीलाई विस्थापन गर्ने पक्षमा छ । उसले देउवालाई दबाब दिइरहेको छ ।

अर्कातिर ओलीको सबैभन्दा ठूलो विरोधी माओवादी केन्द्र पनि आँप पाकेको छैन भनेर पर्खिरहेको छ । त्यसैले उसले ओलीलाई रहेको समर्थन फिर्ता लिएको छैन । ओलीलाई दिएको समर्थन फिर्ता लिनेवित्तिकै ओली अल्पमतमा पर्छन् । अर्को सरकार गठन हुन नदिन ओलीले खेल्ने धेरै ठाउँछ ।

नयाँ सरकार गठन गर्न राष्ट्रपतिले दिएको समयमा अरु सरकार गठन नहुने बित्तिकै अल्पमतका ओलीले प्रतिनिधि सभा भंग गरी निर्वाचनको मिति तोक्छन् । ओली यही समय पर्खिरहेका छन् । ओली चुनाव चाहिरहेका छन् भने प्रचण्ड अहिले नै चुनाव नहोस् भन्ने पक्षमा छन् । तर, देउवा भने चुनाव चाहिरहेका छन् ।

त्यसैले वर्तमानमा नेपालको राजनीति एकदमै तरल छ । जता पनि बग्छ । त्यसमाथि केही बर्षयता नेताहरु सिद्धान्त, मूल्य-मान्यता, आदर्श, त्याग र बलिदानको राजनीति गरिरहेका छैनन् । उनीहरु सत्ता जसरी पनि हात पार्ने दाउमा निहित स्वार्थको राजनीति गरिरहेका छन् । त्यसैले राजनीतिक विश्लेषकहरुको विश्लेषण र अनुमान फेल खाइरहेको छ । दिउँसोसम्म सत्तोसराप गरेको दलका नेतासित राती मिल्ती भएको पाइएको छ । किन यस्तो भनी प्रश्न गर्दा उनीहरुको सपाट उत्तर हुन्छ दिउँसोभन्दा रातीको परिस्थिति बदलियो । यस्तालाई नकच्चरो प्रवृत्ति भनिन्छ । लिच्चड पारा भनिन्छ । अहिले यस्तै भइरहेको छ । त्यसकारण दलका नेता सकसमा छन् ।

## छठ समाजमा गुप्ता



**बिर्तामोड, चैत १०।** छठ समाज सेवा समिति बिर्तामोडको अध्यक्षमा राजकुमार गुप्ता चयन भएका छन् । संस्थाको १२औं वार्षिक साधारण सभाको वन्दसत्रले गुप्ताको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

नवगठित समितिको वरिष्ठ उपाध्यक्ष रामेश्वर द्विवेदी, उपाध्यक्ष संगीता रौनीयार, राजकुमार साह, महासचिव मनोजकुमार साह, सचिव शंकर भगत, कोषाध्यक्ष दिलिप दास, सहकोषाध्यक्ष सञ्जय चौधरी, जनसम्पर्क अधिकारीमा विक्की चौधरी रहेका छन् । त्यस्तै समितिको वरिष्ठ सदस्यमा बरुण चौधरी रहेका छन् भने सदस्यहरुमा नरेश साह, अनन्तलाल महतो, विजय चौधरी, कृष्ण श्राफ, जयकुमार झा, रामेश्वर मण्डल, मुकेश शर्मा, प्रमोद चौधरी, सञ्जय चौधरी रहेका छन् ।

सोही साधारण सभाको वन्दसत्रले सञ्जय शर्माको संयोजकत्वमा लेखा समिति चयन गरेको छ । लेखा समितिका सदस्यहरुमा अशोक चौधरी र इन्द्रजीत चौधरी रहेको दिपक साफीले जानकारी दिए । छठ समाज सेवा समिति बिर्तामोडको नयाँ कार्यसमिति चयन गर्न निर्मलकुमार पाण्डेको संयोजकत्वमा निर्वाचन समिति चयन गरिएको थियो । निर्वाचन समितिका सदस्यहरुमा प्रेमचन्द चौधरी, देवेन्द्रकुमार सिंह, उपेन्द्र प्रधान, घनश्याम चौधरी रहेका थिए ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक निर्मलकुमार पाण्डेले नवनिर्वाचित अध्यक्ष राजकुमार गुप्तालाई पद तथा गोपनियताको शपथ खुवाएका थिए । सोही कार्यक्रममा नयाँ समितिले पुरानो समितिलाई पदहस्तान्तरण समेत गरेको थियो । संस्थाका अध्यक्ष घनश्याम चौधरीले नवनिर्वाचित अध्यक्ष गुप्तालाई पद हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता भगीरथ पोद्दार, नेपाल चिकित्सक संघ मेचीका अध्यक्ष डा. सिपी यादव लगायतले नवनिर्वाचित पदाधिकारीहरुलाई वधाई तथा शुभकामना दिएका थिए ।

सोही कार्यक्रमकाबीच होली मिलन कार्यक्रम समेत गरिएको थियो । कार्यक्रममा सहभागिले एकआपसमा रंग लगाएर सद्भाव प्रकट गरेको शत्रुघन गुप्ताले जानकारी दिए । कार्यक्रमको सञ्चालन छठ समाज सेवा समिति बिर्तामोडका महासचिव मनोजकुमार साहले गरेका थिए ।

## युनिकमद्वारा बिर्तामोड उद्योग वाणिज्य संघका पदाधिकारीलाई स्वागत

**बिर्तामोड, चैत १०।** नेपाल व्यापार कर्मचारी संघ (युनिकम नेपाल)ले बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई स्वागत र सम्मान गरेको छ ।

युनिकमका अध्यक्ष गजेन्द्रबहादुर पौडेलको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघ १ नम्बर प्रदेश अध्यक्ष टीकाराज ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा युनिकमका प्रशिक्षण विभाग प्रमुख तिलकजङ्ग खड्काले व्यापार मजदुर र व्यापारीहरु एकअर्काका परिपूरक भएकाले नङ र मासुझैं हुनुपर्ने बताए । उनले युनिकमले गर्दै आएको काम र उद्देश्यबारे प्रकाश पारेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि ढकालले मजदुर र मालिकबीच राजनीति गरेर समस्या खडा गरिदिने गलत प्रवृत्तिको अन्त्य युनिकम नेपालले गर्दै आएको कामको प्रशंसा गरे । उनले सबै बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीलाई कार्यसफलताको शुभकामना व्यक्त गरे । कार्यक्रममा महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित अध्यक्ष प्रकाश शिवाकोटी, महासचिव अर्जुन मैनालीलगायतले धारणा राखेका थिए ।

कार्यक्रममा युनिकमका अध्यक्ष गजेन्द्रबहादुर पौडेलले श्रम लगानीकर्ता र श्रमिकबीच मजबुद सम्बन्ध रहनुपर्ने बताए ।



युनिकम नेपालले दुई पक्षबीच हुँदै आएको द्वन्द्व समाधानमा महत्वपूर्ण भूमिका खेल्दै आएको उनले जानकारी दिए ।

कार्यक्रममा महासंघका केन्द्रीय सदस्य तारा बराल, प्रदेश सदस्यहरु कुमार भट्टराई, दीपक पाण्डे, विनोद बस्नेत, प्रशान्त भण्डारी, पत्रकार महासंघ झापाका उपाध्यक्ष एकराज गिरी लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन पत्रकार केशव भट्टराईले गरेका थिए ।

## रोङकपको उपाधि रोङ-५ लाई

**इलाम, चैत १०।** इलामको रोङ गाउँपालिकामा सञ्चालित रोङ कप अन्तर्गत पुरुष फुटबल प्रतियोगिताको उपाधि रोङ- ५ ले उचालेको छ । रोङ-५ का खेलाडी सुनिल लाप्चाको ह्याट्रिकको मद्दतले रोङ-१ लाई ३-० गोल अन्तरले पन्साउँदै उपाधी हात पारेको हो ।

खेलको पहिलो हाफमा १ र दोश्रो हाफमा २ गोल भएको थियो । घरेलु मैदानको फाइदा उठाउँदै उपाधि चुमेको रोङ- ५ ले नगद पुरस्कार रु. २० हजार हात पारेको छ भने उपबिजेता बन्दै रोङ-१ ले नगद १५ हजारमा चित्त बुझाएको छ ।

त्यसैगरी महिला फूटबल प्रतियोगिताको उपाधि भने रोङ-३ ले हात पारेको छ । प्रतियोगिताको फाइनल खेलमा रोङ-६ लाई १-० गोल अन्तरले उछिन्दै उपाधिसँगै नगद १५ हजार हात पारेको छ ।

त्यसैगरी उपबिजेता रोङ-६ ले नगद १० हजारमा चित्त बुझाउन बाध्य भयो । पुरस्कृत टिम तथा खेलाडीहरुलाई रोङ गाउँपालिकाका अध्यक्ष शम्शेर राई, प्रमुख प्रशासकीय अधिकृत प्रयास भट्टराई लगायतले पुरस्कार, प्रमाण पत्र तथा ट्रफीहरु प्रदान गरेका थिए ।

गत चैत २ गते सोमबारबाट शुरु भएको प्रतियोगिताको पुरुष फुटबल प्रतियोगितामा छ वटै वडाको एक-एक वटा टोलीको सहभागिता रहेको थियो । त्यसैगरी महिला फुटबल प्रतियोगितामा वडा नम्बर २ बाहेकका सबै वडाको सहभागिता रहेको थियो ।

## जुनकीरी साप्राविमा मगर



**बिर्तामोड, चैत १०।** जुनकीरी सार्वजनिक प्राथमिक बिद्यालय अर्जुनधारा- ११ को बिद्यालय व्यवस्थापन समितिको अध्यक्षमा जगतबहादुर मगर चयन भएका छन् ।

शिक्षा ऐन २०२८ को दफा १२ बमोजिम बिद्यालय व्यवस्थापन समिति छनौट सहयोग उपसमिति संयोजक बिद्यालयका प्रधानाध्यापक रञ्जित परियारको संयोजकत्वमा भएको अभिभावकहरुको भेलाले मगरको अध्यक्षतामा नौ सदस्यीय समिति चयन गरेको हो ।

समितिमा अभिभावकको तर्फबाट कमलाकुमारी राई र मनमाया राई झुटी सोरेन, बुद्धिजिबिको तर्फबाट बन्दना मगर, शिक्षाप्रेमीको तर्फबाट हस्तबहादुर परियार, शिक्षक प्रतिनिधिको तर्फबाट निर्मला लुइँटेल, जनप्रतिनिधिको तर्फबाट मोहनकुमार योगी सदस्यमा चयन भएका छन् भने सदस्य सचिवमा बिद्यालयका प्रधानाध्यापक रञ्जित परियार चयन भएका छन् ।

सोही भेलाले तीर्थबहादुर राईको अध्यक्षतामा १० सदस्यीय शिक्षक-अभिभावक संघ समेत गठन गरिएको छ । समितिका सदस्यहरुमा नरबहादुर विक, रश्मि मुर्मू, बलबहादुर विक, दिलबहादुर राई, सम्झना तामाङ्ग, सुजिता उराउ, दुर्गा गहतराज र शिक्षक प्रतिनिधिमा गीता उप्रेती रहेका छन् ।

## कृषकलाई बाखापालन तालिम

**कमल, चैत १०।** सोसियल इन्फ्राइस्ट्रक्चर मेनेजमेन्ट सर्भिस प्रा.लि. बिर्तामोडको आयोजना र माङसेबुङ गाउँपालिका २ नम्वर वडा कार्यालय इलामको आर्थिक सहयोगमा तीन दिने बाखापालन तालिम शुरु भएको छ ।

पराम्परागत रुपमा जिविकोपार्जनका लागि मात्र पालिँदै आएको बाखा पालनलाई नयाँ प्रविधिका साथ व्यासायिक रुपमा अगाडि बढाउन आवश्यक भएको र त्यसका लागि कृषकलाई तालिमको आवश्यकता पर्ने भएकोले यो तालिमको आयोजना गरिएको माङसेबुङ गाउँपालिकाका अध्यक्ष डिकेन्द्र इदिङ्गोले बताए ।

परम्परागत रुपमा जिविकोपार्जनका लागि मात्र गर्दै आएको कृषि पेशालाई आधुनिकीकरण गर्दै व्यवसायिक बनाउन यस्ता तालिमले सहयोग पुग्ने माङसेबुङ गाउँपालिकाकी उपाध्यक्ष सुनिता सुब्बाले बताइन् । त्यस्तै यो तालिमबाट सिकेका कुरालाई व्यवहारिकरुपमा कार्यान्वयन गर्न माङसेबुङ गाउँपालिका- २ का वडाध्यक्ष पुष्पराज कार्कीले बताए ।

तालिममा ४३ जना कृषकको सहभागिता रहेको र उनीहरुलाई बाखापालनको महत्व, बाखाका जात, खोर व्यवस्थापन, आहारा व्यवस्थापन, बाखामा लाग्ने प्रमुख रोग लगायतका विषयमा पशु स्वास्थ्य प्राविधिक उमानाथ भण्डारीले सहजीकरण गरेका थिए ।

सोसियल इन्फ्राइस्ट्रक्चर मेनेजमेन्ट सर्भिस प्रा.लि. बिर्तामोडकाका प्रबन्धक शान्तिराम पोखेलले सञ्चालन गरेको तालिममा वडा सचिव हेमसागर घिमिरेले शुभकामना दिएका थिए ।

## नि:शुल्क मानसिक रोग स्वास्थ्य शिविर

**बिर्तामोड, चैत १०।** बिर्तामोडमा पहिलो पटक नि:शुल्क मानसिक रोग स्वास्थ्य शिविरको तयारी गरिएको छ ।

बिर्तामोडमा रहेको प्रान्जल क्लिनिकको आयोजनामा आगामी चैत १४ गते शनिबार नि:शुल्क मानसिक रोग स्वास्थ्य शिविरको आयोजना गरिएको हो ।

शिविरमा वरिष्ठ मानसिक तथा नसा रोग विशेषज्ञ डा. आभाष निरौलाद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण र परामर्श सेवा प्रदान गरिने प्रान्जल क्लिनिकका सञ्चालक विनय डाँगीले बताए । शिविरमा सहभागीलाई ल्याव सेवामा ५० प्रतिशत छुट दिइनुका साथै औषधि समेत नि:शुल्क प्रदान गरिने उनले जानकारी दिए ।

आलश्यता, निराश हुने, शंका गर्ने, नकरात्मक सोच आउने, छटपटी हुने, डर लाग्ने, टोलाउने, मुटुको ढुकढुक बढ्ने, आफैं हास्ने, आफैं बोल्ने, रिस धेरै उठ्ने, नशा झम्झमाउने, निद्रा नलाग्ने, बिर्सने रोग, टाउको दुख्ने, चक्कर लाग्ने, छारे रोग, लागूपदार्थ/रक्सी सेवनको समस्या, यौन दुर्वलतामा समस्या भएका विरामीलाई वरिष्ठ मानसिक तथा नसा रोग विशेषज्ञ डा. आभाष निरौलाद्वारा नि:शुल्क स्वास्थ्य परीक्षण र परामर्श सेवा प्रदान गरिने बताइएको छ ।

